
जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ३६ २०८१ साल भदौ १३ गते बिहीबार (29 Aug. 2024 Thursday) मूल्य रु. ५/-

बाढीबाट बच्ने उपायहरू



**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : बिजुली निर्यात : महिना दिनमै... ३ पृष्ठमा : धुलिखेल नेपालको ... ३ पृष्ठमा बङ्गलादेशमा सुरक्षा बलद्वारा...

# मूर्ती सेलाउन गएका युवकको डुबेर मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १२ भदौ ।**

सप्तरीमा कृष्णाष्टमी पर्व सकिएपछि मूर्ती सेलाउन गएका एक युवकको त्रियुगा नदीमा डुबेर मृत्यु भएको छ।

बुधबार दिउँसो सप्तरीको सप्तकोशी नगरपालिका १ फत्तेपुरस्थित त्रियुगा नदीको हेड बाँधमा डुबेर सोही नगरपालिका वडा नं. २ निवासी २२ वर्षिय रोहन राजधामीको मृत्यु भएको प्रहरीले जनाएको छ।

मूर्ती सेलाउन स्थानीयहरुसँगै गएका राजधामीलाई डुबेको करिब आधी घण्टा पश्चात् स्थानीयले उद्दार गरी एम्बुलेन्समा राखेर उपचारका लागि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाएको थियो। जहाँ चिकित्सकले उनलाई मृत घोषित गरेको थियो।

जिल्लामा गत वर्ष पनि मूर्ती सेलाउन गएका दुई जना युवकको सप्तकोशी नदीमा डुबेर मृत्यु भएको थियो।

पोखरीमा डुबेर मृत्यु हुने घटना वृद्धि भइरहेकोमा चिन्ता व्यक्त गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले यसमा अभिभावकले पनि ध्यान दिनु पर्ने सुझाव दिएका छन्।

# देशभरका छोटी भन्सार कार्यालय चाँडो सञ्चालनमा ल्याउनुपर्छ : गृहमन्त्री लेखक

काठमाडौं, १२ भदौ (रासस)।

गृहमन्त्री रमेश लेखकले देशभरका छोटी भन्सार कार्यालयहरू सक्दो चाँडो सञ्चालनमा ल्याउनुपर्ने बताउनुभएको छ। उहाँले राजस्व चुहावट नियन्त्रणका लागि सशस्त्र द्वन्द्वमा बन्द भएका छोटी भन्सार कार्यालयहरू सञ्चालनमा जोड दिनुभयो।

सिंहदरबारस्थित अर्थमन्त्रालयमा बुधबार बसेको केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठकमा गृहमन्त्री लेखकले लक्ष्यअनुसार राजस्व उठाउन गृहमन्त्रालयले पूर्णरूपमा काम गर्ने वचनबद्धता व्यक्त गर्नुभयो। "राजस्व लक्ष्यअनुसार उठिरहेको छैन। लक्ष्यअनुसार राजस्व उठाउने विषयमा अर्थमन्त्रालयले राखेको अपेक्षाअनुसार गृहमन्त्रालयले काम गर्छ," उहाँले भन्नुभयो, "मैले मेरो मन्त्रालयका वरिष्ठ अधिकृतहरू, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षकहरूसँग छलफल गरेर राजस्व बढाउन निर्देशन दिएको छु। यसमा हाम्रो पूर्णरूपमा काम गर्ने वचनबद्धता छ।"

गृहमन्त्री लेखकले जग्गा र भवन भएका छोटी भन्सार कार्यालय चाँडै सञ्चालनमा ल्याउन चाँडै निर्णय गरिने तथा जनशक्ति पठाउन पहल गरिने बताउनुभयो। "भन्सार कार्यालयको जनशक्ति कम छ भने बढी जनशक्ति भएको ठाउँबाट ल्याएर काम गर्न सकिन्छ। यसमा मैले सहयोग गर्छु। भारततिर भन्सार कार्यालय छैन भनेर नेपालमा छोटी भन्सार कार्यालय सञ्चालन गर्न नरोकौं। छोटी भन्सार कार्यालय हुँदा राजस्वमा वृद्धि हुन्छ," उहाँले भन्नुभयो।

गृहमन्त्री लेखकले उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई गृह मन्त्रालयले गर्ने काममा कमी कमजोरी भए जुन सुकै बेला सुझाव दिन आग्रह गर्नुभयो। यस्तै, उहाँले सीमित स्रोतसाधनका बाबजुद प्रहरीले धेरै भार बोकेको उल्लेख गर्दै अर्थमन्त्री पौडेलको ध्यानाकर्षण गराउनुभयो।

"प्रहरीलाई काम गर्न धेरै भार भएको छ। अत्यन्त सीमित स्रोत साधनका भरमा काम गरिरहेका छन्। यस विषयमा अर्थमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु", गृहमन्त्री लेखकले भन्नुभयो।

# जनयुद्ध 'हिंसा' भन्ने शब्दले संसद्मा निम्त्याएको विवाद



**दैनिक समाचारदाता**
**काठमाडौं, १२ भदौ ।**

नेकपा एमालेका सांसद योगेश भट्टराईले बुधबारको प्रतिनिधिसभा बैठकमा जनयुद्ध 'हिंसा' भएको भनी टिप्पणी गरेपछि विवाद भएको छ। विशेष समयमा बोल्दै गर्दा भट्टराईले डेडिकेटेड फिडर र ट्रकलाइन महसुल विवादमा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मंगलबार गरेको सम्बोधनबारे जवाफ दिँदै गर्दा जनयुद्धलाई हिंसा भनी टिप्पणी गरेका थिए।

उनको टिप्पणीपछि माओवादी केन्द्रका सांसद माधव सापकोटा सुबोधले नियमापत्ति गरेका थिए। सभामुख देवराज घिमिरेले उनको नियमापत्तिबारे सोधे। लगत्तै माओवादीका सबै सांसदहरू भट्टराईको शब्द चयनप्रति असन्तुष्टि जनाउँदै उठेर विरोध गर्न थाले। एकाएक सबै सांसद उठेर संसद् अवरोध गर्न थालेपछि सभामुखले माओवादीका तर्फबाट देवेन्द्र पौडेललाई समय उपलब्ध गराए। पौडेलले संसद्मा बोल्दा एमाले सांसद भट्टराईले जनयुद्धको अपमान गर्दै संसदीय मर्यादाभकस्दा उल्लङ्घन गरेको दाबी गरे।

उनी बोल्न थालेपछि एमालेका सांसदहरू पनि उठेर होहल्ला गर्न थाले। एमाले र माओवादी दुवै दलका सांसदहरू उठेर हो हल्ला गर्न थालेपछि सभामुख घिमिरेले सम्झाउन थाले। उनले एमाले सांसद रघुजी पन्तलाई समय दिए। त्यसअघि सांसद भट्टराईले संसद्मा बोल्न नदिनु पनि हिंसा भएको भनी टिप्पणी गरेपछि माओवादी सांसदहरू झन् आक्रोशित भएका थिए।

पन्तले समय पाएपछि माओवादीले सञ्चालन गरेको जनयुद्धमा मानिसहरूको ज्यान पनि गएकाले त्यो हिंसा भएको भनी हिंसा शब्द असंसदीय नभएको दाबी गरे। तर उनको भनाइले संसद्मा झन् विवाद सुरु भयो। सभामुखले सांसद भट्टराईको शब्दमा छानबिन गर्न आफूले सचिवालयलाई निर्देशन

*बाँकी तीन पृष्ठमा*

## डेंगीबाट बच्ने उपायहरू

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ,
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- पानी राखेको भाँडालाई छोपेर राखौं,
- लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली र सुत्ने बेलामा झुल लगाएर सुतौं,
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं,
- एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु नियमित सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं।
- गरिबी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीबाबुहरुलाई नियमित विद्यालय पठाऔं।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं।

अनुरोधकर्ता : शम्भुनाथ नगरपालिका, सप्तरी

## सम्पादकीय ....

### कानुन कार्यान्वयन फितलो

जबसम्म प्रत्येक नागरिकले सही ढंगले कानुनको पालना गर्दैन तबसम्म कुनै पनि कानुन कार्यान्वयन हुँदैन् । छुवाछुत निमूल पार्ने कानुन बनेपनि त्यसको कार्यान्वयन पक्ष भने अझै फितलो रहेको छ । जातिय छुवाछुत सम्बन्धी कानुन निर्माण भएपनि कागजमै सीमित रहेको छ । छुवाछुत कुण्ठित मानसिकताको उपज हो । मानिसहरुले आफ्नो मन मस्तिष्कबाट हटाउन सक्दैनन् तबसम्म यो चलिरहन्छ ।

अहिले छुवाछुत जातजातीबाट सुरु भएर सानो ठूलो, धनी गरिब तथा वर्ण रुपमा समेत सरेको पुगेको छ । मानिस रंग रुप कालो र गोरो भएमा पनि कालोले गोरोलाई र गोरोले कालोलाई हेप्ने गरेको देखिन्छ । अहिले छुवाछुतले समाजमा नराम्रो असर पारेको छ । सबैभन्दा बढी समाजमै हुने गरेको यस्तो प्रवृतीले मानिसहरु एक ठाउँबाट अर्को ठाउँमा स्थान्तरण हुन बाध्य भएका छन् । नेताहरुले भाषण मात्र नगरि यस्ता विकृतीलाई हटाउन समाजिक स्तरमा चेतनामूलक कार्यक्रमलाई अगाडी बढाउन सहयोग गर्नुपर्छ ।

यस्ता प्रवृतीलाई कानुनका साथै सामाजिक रुपमा समेत बहिष्कार गर्न सकिएन भने यसले अझ विक्राल रुप लिने कुरामा दुई मत नहोला । तसर्थ यस्तो प्रवृतीलाई सक्दो जडैबाट हटाउन नसकिए पनि न्युनिकरणका लागि सरोकारवाला निकाय गम्भिर हुनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# बिजुली निर्यात : महिना दिनमै कमायो चार अर्ब १९ करोड आम्दानी

काठमाडौँ, १२ भदौ (रासस) ।

आठ वर्ष पहिले लोडसेडिङको तालिका सार्वजनिक गर्ने नेपाल विद्युत् प्राधिकरणले यतिबेला महिना दिनमै बिजुली बिक्री गरी रु चार अर्ब १९ करोड बराबरको आम्दानी गर्न थालेको छ ।

प्राधिकरणको प्रणालीमा हाल झण्डै तीन हजार तीन सय मेगावाट बराबरको बिजुली उपलब्ध छ । त्यसमध्ये आन्तरिक रुपमा कूल एक हजार नौ सय २९ मेगावाट बराबरको खपत भइरहेको छ । यस्तै देशभित्रको कूल माग भने दुई हजार छ सय ३३ मेगावाट बराबर रहेको प्राधिकरणले जनाएको छ । यस प्रकारको माग भने एकाध घण्टाको मात्रै हो ।

साँझ र बिहान बिजुलीको बढी माग भएपनि रातको समयमा माग घट्न जाँदा निर्यात गर्नुको विकल्प प्राधिकरणसँग छैन । रातको समयमा बढी भएको बिजुली भारत निर्यात गर्दा त्यसबाट प्राधिकरणले उल्लेख्य मात्रामा आम्दानी गर्न सफल भएको कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो । चालु आर्थिक वर्षको पहिलो महिनामा नै प्राधिकरणले उक्त मूल्य बराबरको बिजुली निर्यात भएको विवरण सार्वजनिक गरेको हो ।

मुलुकभित्र खपत गरी बढी भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गरी अतिरिक्त आम्दानी गर्न प्राधिकरण सफल भएको हो । दैनिक हिसाब अनुसार साउनमा रु १३ करोड ११ लाख बराबरको बिजुली निर्यात भएको छ ।

भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँमा हुने गरेको छ । त्यसैले साउन महिनामा विद्युत् बिक्रीबाट मात्रै दुई अर्ब ६२ करोड १२ लाख तीन हजार भारु आम्दानी भएको छ । साउनमा निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट आठ रुपैयाँ ५१ पैसा छ ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले आठ वर्षअघिसम्म वर्षायाममा दैनिक ८/९ घण्टा र सुक्खायाममा १८ घण्टासम्मको लोडसेडिङ बेहेर्नुपर्ने अवस्थाको अन्त्य भई हाल वर्षायाममा देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् दैनिक रुपमा ७ सय मेगावाटभन्दा बढी निर्यात गर्ने अवस्थामा आइपुगेको बताउनुभयो ।

प्राकृतिक र प्राविधिक कारणले यदाकदा केही क्षण बत्ति जाने आउने भएपनि हाल मागअनुसार विद्युत् आपूर्ति गर्न नसकेर लोडसेडिङ गर्नुपर्ने अवस्था नरहेको उहाँले उल्लेख गर्नुभयो ।

कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "हाम्रो पहिलो प्राथमिकता देशभित्रको विद्युत् खपत बढाउने नै हो, खपत बढाउन प्रसारण र वितरण प्रणाली सुधार एवम् विस्तारका कार्य अभियानकै रुपमा कार्यान्वयन भइरहेको छ । आन्तरिक रुपमा खपत गरी अतिरिक्त भएको विद्युत् छिमेकी देश भारत र बङ्गलादेशलाई निर्यात गरिने छ ।"

घिसिङले वर्षायाममा भारततर्फ विद्युत् निर्यात गरी उल्लेख्य विदेशी मुद्रा आर्जन हुँदा देशको विदेशी मुद्राको सञ्चिति एवम् नेपाल र भारतबीचको व्यापार घाटा कम गर्न समेत सकारात्मक योगदान पुगिरहेको जानकारी दिनुभयो ।

"हिउँदयाममा केही महिना अझै विद्युत् आयात गर्नु परे पनि आयातको परिमाण क्रमशः घट्दै जाने छ, गत आवबाट देशभित्र खपत गरी बढी भएको विद्युत् भारतीय बजारमा बिक्री गरी खुद आयातकर्ताबाट खुद निर्यातकर्ता बनिसकेका छौं" उहाँले भन्नुभयो ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स)को 'डे अहेड' तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धी दरमा र द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौता बमोजिम भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन)लाई बिक्री गरिरहेको छ । एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ ।

प्राधिकरणले हालसम्म प्रतिस्पर्धी बजार र मध्यकालीन विद्युत् बिक्री सम्झौता बमोजिम भारतीय बजारमा २८ वटा आयोजनाबाट उत्पादित नौ सय ४१ मेगावाट विद्युत् बिक्री गर्न स्वीकृति पाएको छ ।

केही दिनअघि द्विपक्षीय सम्झौतमा बमोजिम भारतका बिहार र हरियाणा राज्यलाई थप दुई सय ५१ मेगावाट विद्युत् निर्यात स्वीकृति पाएको थियो । यसमध्ये एनभिभिएनमार्फत हरियाणा राज्यलाई थप दुई जलविद्युत् आयोजनाबाट उत्पादित एक सय २५ दशमलव ८९ मेगावाट बिक्री गरिने छ । हाल दुई आयोजनाबाट उत्पादित एक सय नौ दशमलव ६१ मेगावाट विद्युत् हरियाणा राज्यमा बिक्री हुँदै आएको छ ।

कूल १० जलविद्युत् आयोजनाबाट उत्पदित एक सय २५ मेगावाट विद्युत् मध्यकालीन सम्झौता बमोजिम पिटिसी, भारतमार्फत बिहार राज्यमा निर्यात हुने छ । बिहारलाई पहिलो पटक र हरियाणालाई थप विद्युत् निर्यातका लागि प्राविधिक प्रक्रिया पूरा गरी छिट्टै निर्यात सुरु हुने छ ।

हाल १४ आयोजनाबाट उत्पादित पाँच सय ८० दशमलव ८९ मेगावाट विद्युत् प्रतिस्पर्धी दरमा बिक्री भइरहेको छ । केही दिनअघि स्वीकृति पाएको परिमाणको विद्युत् निर्यात सुरु भइनसकेकाले हाल आइएक्स र हरियाणालाई गरी दैनिक रुपमा छ सय ९० दशमलव ५० मेगावाट विद्युत् निर्यात भइरहेको छ । स्वीकृत परिमाणको १० प्रतिशत थप विद्युत् निर्यात गर्न सकिन्छ । त्यसैले हाल दैनिक रुपमा सात सय मेगावाटभन्दा बढी विद्युत् निर्यात भइरहेको छ ।

गत आवमा भारतबाट रु १६ अर्ब ९३ करोडको विद्युत् आयात गरिएको थियो । यही अवधिमा रु १७ अर्ब ६ करोडको विद्युत् निर्यात गरिएको थियो । गत आवमा आयातभन्दा रु १३ करोड बढीको विद्युत् निर्यात गरी खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेको थियो ।

प्राधिकरणले २०७९ जेठ २० गतेदेखि विद्युत् निर्यात सुरु गरेको थियो । पहिलो चरणमा ३९ मेगावाट निर्यात गरेको थियो । सुरुआती चरणमा त्रिशुली र देवीघाट जलविद्युत् केन्द्रबाट उत्पादित बिजुली भारत निर्यात भएको थियो ।

दुई देशबीच १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने गरी दीर्घकालीन विद्युत् सम्झौता समेत भइसकेको छ । यस्तै, बङ्गलादेशमा भएको राजनीतिक परिवर्तनका कारण तत्कालका लागि ४० मेगावाट निर्यात गर्ने अन्तिम तयारी भएपनि स्थगित भएको छ ।

# प्रतिनिधिसभा बैठक : दिगो र भरपर्दो सिँचाइ गर्नुपर्नेलगायत विषयमा सरकारको ध्यानाकर्षण

काठमाडौँ, १२ भदौ (रासस) ।

प्रतिनिधिसभा सांसदहरूले दिगो र भरपर्दो सिँचाइ, चुरे संरक्षण, सुरक्षित आवास निर्माण तथा भ्रष्टाचार नियन्त्रणलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकको विशेष समयमा सांसदहरूले राष्ट्रको समृद्धिका पक्षमा सबै पार्टी एकजुट हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाली कांग्रेसका सांसद दिनेशकुमार यादवले पूर्वी तराई मधेसको सप्तरी जिल्लामा दिगो र भरपर्दो सिँचाइ आयोजना नभएकामा सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले सप्तरी जिल्लामा सिँचाइ आयोजनाका लागि बजेट प्राप्त भए पनि कार्यालय स्थापना हुन नसक्दा समस्या परेकाले समाधानका लागि आग्रह गर्नुभयो । चुरे संरक्षण, वर्षातको समयमा बाढीको जोखिम र हुलाकी राजमार्गको विस्तार एवं मर्मतका लागि द्रुतगतिमा काम गर्न उहाँले सरकारसँग माग गर्नुभयो ।

सोही दलका सांसद देवप्रसाद तिमल्सेनाले विभिन्न आयोजनाका काममा भइरहेको ठिलाइप्रति सरकारको ध्यानाकर्षण गराउनुहुँदै समयमा काम गर्ने व्यवसायीको भुक्तानी समयमै दिने र काम नगर्नेलाई कारबाहीको दायरामा ल्यानुपर्नेतर्फ धारणा राख्नुभयो । उहाँले स्वदेशी काठको खपत, सुरक्षित आवास कार्यक्रमको प्रभावकारिता, दूध उत्पादक किसानलाई समयमा भुक्तानी र संस्थागत भ्रष्टाचारको अन्त्यका लागि ध्यानाकर्षण गराउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद रणेन्द्र बराइलीले सत्तापक्ष र प्रतिपक्ष संसद्मा जुहारी खेल्नुभन्दा राष्ट्र समृद्ध बनाउनेतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले राष्ट्र निर्माणको सवालमा राजनीतिक दलबीच समान धारणा जरुरी रहेको उल्लेख गर्नुहुँदै एउटा सरकारले ल्याएको योजना अर्को सरकारले भत्काउने प्रवृत्तिको विरोध गर्नुभयो । सिङ्गो दलित समुदायको हक स्थापित गर्न गठन गर्ने भनिएको दलित विकास प्राधिकरणलगायत विषयको तत्काल कार्यान्वयन गर्न माग गर्नुभयो ।

नेकपा (एमाले)का सांसद जुलीकुमारी महतो (महासेठ) ले वर्तमान सरकारसँग जनताको अपेक्षा र विश्वास रहेकाले असफल हुने छुट नरहेको बताउनुभयो । उहाँले नेपाल विद्युत् प्राधिकरणको सबै बक्यौता उठाउनुपर्नेमा जोड दिनुभयो । सांसद महासेठले चुरे संरक्षणका लागि सचेत हुन सबै पक्षलाई आग्रह गर्नुभयो ।

यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद चन्दा कार्की भण्डारीले भ्रष्टाचार निवारण ऐन संशोधन गर्न बनेको विधेयकमा पाँचवर्षे हदम्याद राख्ने विषयको विरोध गर्नुभएको थियो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ध्रुवबहादुर प्रधानले जनताको मनोभावना सम्बोधन गरेर राजनीतिक स्थिरता ल्याउन सुझाव दिनुभयो ।

जनता समाजवादी पार्टीका सांसद सुशीला श्रेष्ठले बाँकेकी निर्मला कुर्मीको न्यायका लागि सरकारले पहल गर्नुपर्ने

*बाँकी तीन पृष्ठमा*

# धुलिखेल नेपालको पहिलो 'स्वस्थ सहर'

काभ्रेपलाञ्चोक,१२ भदौ (रासस) । विश्व स्वास्थ्य सङ्गठनले काभ्रेपलाञ्चोकको पर्यटकीय नगर धुलिखेललाई 'नेपालको पहिलो स्वस्थ सहर' घोषणा गरेको छ । सङ्गठनले तोकेका मापदण्ड पूरा गरेको धुलिखेल एसियाको दोस्रो स्वस्थ सहर भएसँगै पाँच हजार डलर पुरस्कार प्राप्त गर्न पनि सफल भएको छ ।

सङ्गठनका कार्यक्रम संयोजक डा सुभाजी गुडले मङ्गलबार नेपालको पहिलो स्वस्थ सहर र एसियाको दोस्रो स्वस्थ सहर भएको घोषणा गर्नुभएको हो । गुडद्वारा घोषणासँगै धुलिखेललाई नेपालको पहिलो स्वस्थ सहर भएकामा पाँच हजार डलर पुरस्कार घोषणा भएको थियो । एसियामा पहिलो स्वस्थ सहर भारतको पुणे नगर बन्दा र ६५ दशमलव ४८ अङ्क प्राप्त गरी धुलिखेल दोस्रो स्थानमा रहेको घोषणा भएको हो ।

एसियाको दोस्रो र नेपालको पहिलो स्वस्थ सहर घोषणा भएको तथा पाँच हजार डलर पुरस्कार प्राप्त भएको धुलिखेल नगरपालिकाका प्रमुख अशोक ब्याञ्जूले बताउनुभयो । सङ्गठनको मापदण्ड पूरा गरेर स्वास्थ्य क्षेत्रको नीतिगत सुधार, स्वास्थ्य क्षेत्रको दिगो विकास लक्ष्य, वातावरणीय सुधार, गरिब नागरिकको स्वास्थ्यमा पहुँच, दीर्घरोग र सरुवा रोग अनि सामुदायिक स्वास्थ्यमा सुधार ल्याउनुका साथै स्थानीय सरकारको प्राथमिक स्वास्थ्योपचारमा गरेको प्रगतिलाई आधार मानेर सो घोषणा गरिएको जनाइएको छ । धुलिखेल नगरले आगामी दिनमा पनि सङ्गठनमार्फत सर्ने र नसर्ने रोग, ज्येष्ठ नागरिक स्वास्थ्य, दलित र गरिब जनसमुदायको स्वास्थ्यमा दिगो विकासको स्वास्थ्य अनि सहरी स्वास्थ्य सुशासनमा काम गर्ने ब्याञ्जूले बताउनुभयो ।

"यो घोषणाले सिङ्गो नेपाल र काभ्रेपलाञ्चोक जिल्लावासीका साथै धुलिखेल नगरवासी खुसी भएका छौँ, खुसीसँगै अवसर र चुनौती पनि महसुस गरेका छौँ", ब्याञ्जूले भन्नुभयो । नगरले अपाङ्गता क्षेत्र, स्वच्छ खानेपानी, वातावरणीय प्रभाव न्यूनीकरण खोप, सामुदायिक स्वास्थ्य तथा डिजिटल स्वास्थ्य अभिलेख तयार गरी काम गर्दै आएको थियो ।

पर्यटकीय धुलिखेल नगर हाल 'आरोग्य सहर' अभियानमै छ । धुलिखेलले सहस्राब्दी दिगो विकास लक्ष्य ( एसडिजी)अन्तर्गतका १७ मध्ये शिक्षा, स्वास्थ्य, गरिबी निवारण र सुरक्षित खानेपानी चार लक्ष्य पूरा गरेपछि स्वास्थ्यमा क्षेत्रमा फड्को मारेको हो । नगरले ती चार लक्ष्यको प्रतिवेदन गत अक्टोबर पहिलो साता थाइल्याण्डस्थित संयुक्त राष्ट्रसङ्घमा पेश गरेको थियो । त्यतिबेला उक्त 'स्वेच्छिक समीक्षा प्रतिवेदन' सार्वजनिक गर्नेमा दक्षिण एसियामै धुलिखेल पहिलो नगर भएको दावी गरिएको थियो । नगरले हाल १२ वडामा १५ स्वास्थ्य केन्द्र स्थापना गरिसकेको छभने सबै नागरिकलाई स्वस्थ बनाई आरोग्यता प्रदान गर्न स्वास्थ्यकर्मीलाई घरदैलो पुर्‍याउने कामसमेत सकेको जनाएको छ ।

नागरिकको अवस्था के छ, के-कस्तो उपचार आवश्यक छ पत्ता लगाउन नगरले सर्वेक्षण गरेको हो । केन्द्रमा निःशुल्क उपलब्ध गराइने ६५ थरिका औषधि पर्याप्त बनाइएको छ । नगरले हाल 'हाइपरटेन्सन, मधुमेह र मानसिक स्वास्थ्य' कार्यक्रमलाई केन्द्र तथा निरन्तरका शिविरमार्फत प्राथमिकताका साथ अघि सारिएको छ ।

धुलिखेल विश्व स्मार्ट दिगो सहर सङ्गठनको सन् २०२१ देखि २०२३ सम्मको कार्यसमिति सदस्यमा निर्वाचित नगर हो । विश्वका एक सय ३६ देशका सहर सदस्य रहेको सङ्गठनको विश्व स्मार्ट दिगो सहर सङ्गठनको पाँचौँ महासभाबाट १७ सदस्यीय कार्यसमितिमा पनि धुलिखेल निर्वाचित भएको थियो ।

यस्तै धुलिखेल नगरले नगरक्षेत्रभित्र कोइला प्रयोग गर्न प्रतिबन्ध लगाएको खबर गत सन् २०२२ नोभेम्बर पहिलोसाता स्कटल्याण्डको ग्लास्गो सहरमा आयोजित जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-२६)मा चर्चाको विषय बनेको थियो । नगरले कोइलामुक्त बनाउने अभियानलाई अन्य निकाय तथा मुलुकले पनि अनुमोदन गर्न आग्रह गरिरहेको अवस्थामा उक्त सम्मेलनमा विश्वका अधिकांश राष्ट्रले कोइला प्रयोग रोक्ने घोषणा गरेका थिए ।

### *प्रतिनिधिसभा...*

बताउनुभयो । जनमत पाटीका सांसद अनिता देवीले सवारी दुर्घटना नियन्त्रण गर्न ध्यानाकर्षण गराउनुभयो ।

जनता समाजवादी पार्टी ( जसपा) नेपालका सांसद राजकिशोर यादवले राजदूत नियुक्ति समावेशी हुनुपर्नेमा जोड दिनुभयो । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका रामप्रकाश चौधरीले वैदेशिक रोजगारीमा जाने युवाका लागि आप्रवासी नीति ल्याउनुपर्ने बताउनुभयो ।

नागरिक उन्मुक्ति पार्टीका सांसद रञ्जिता श्रेष्ठले स्वास्थ्य सुविधालाई थप व्यवस्थित बनाउन सुझाव दिनुभयो । स्वतन्त्र सांसद डा अमरेशकुमार सिंहले सिख धर्म संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

### *जनयुद्ध ...*

दिएको जानकारी समेत गराए । तर माओवादी सांसदहरू संसद् सञ्चालन गर्न दिन तयार नभएपछि केहीबेर वादविवाद जारी रह्यो ।

माओवादी सांसद सापकोटाले आफूले बोल्न खोज्दा समय नपाएको तर सत्ता पक्षका सांसद पन्तलाई समय उपलब्ध गराएको भनी आपत्ति जनाइरहे । त्यसपछि सभामुखले माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेलाई समय दिए । सभामुखले कुन नियम अन्तर्गत नियमापत्ति हो भनी प्रश्न गरे । प्रमुख सचेतक पाण्डेले नियम २६ पढेर सुनाए ।

उनले नियमापत्ति पछि सभामुखले निर्देशन दिनुपर्ने अनिमात्र संसद् चल्ने उनले सुनाए । उनीपछि सभामुखले फेरि निर्देशन दिएको जानकारी दिँदै माओवादी केन्द्रका सांसद रणेन्द्र बरालीलाई सात मिनेटको समय दिएको घोषणा गरे । लगत्तै माओवादी सांसदहरू बसे अनि संसद् पुनः सुरु भएको रातोपाटी डटकमले जनाएको छ ।


## राजबिराज नगरपालिका
### १ नं.वडा कार्यालय
### राजबिराज,सप्तरी
### मधेश प्रदेश,नेपाल

प.सं. २०८१ ०८२
च.नं. ३०८

मिती – २०८१/०५/०९

विषय:- सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वार्ड नं. १० हाल १ बस्ने सदिक मियाँ र मो.याकुबले तपसिलका जग्गाहरू नमसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८१।०५।०९ गते मा द.नं.२८० को निवेदन दिएको हुदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तमसिल

जिल्ला सप्तरी रा.बि.न.पा १० हाल १ बस्ने नुनुलाल मियाँ नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | पनौरा पहर्गीया | ९ | ४९० | ०-०-१९ |
| सप्तरी | पनौरा पहर्गीया | ९ | १००४ | ०-०-१२ १/२ |
| सप्तरी | दिघवा | ३ | ३५ | ०-२-१० |

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.-१


## विश्व समाचार

### बङ्गलादेशमा सुरक्षा बलद्वारा बेपत्ता पारिएका घटनाबारे अनुसन्धान शुरू

ढाका, १२ भदौ (रासस/एएफपी) ।

बङ्गलादेशका अपदस्थ प्रधानमन्त्री शेख हसिनाको शासनकालमा सुरक्षा फौजले बलपूर्वक बेपत्ता पारेका सयौँ घटनाका सम्बन्धमा अनुसन्धान सुरु गरिएको बुधबार बङ्गलादेश सरकारले जनाएको छ । बलपूर्वक बेपत्ता पारेका भनिएका घटनामा कुख्यात र्‍यापिड एक्सन बटालियन ( आरएबी) भनिने अर्धसैनिक बलको अत्यधिक संलग्नता रहेको छ । आरएबीलाई धेरै अधिकार उल्लङ्घनको आरोप लगाइएको छ, र यसलाई संयुक्त राज्य अमेरिकाले गैरन्यायिक हत्या र बलपूर्वक बेपत्ता पार्ने भूमिकाको लागि प्रतिबन्ध लगाएको थियो ।

ह्युमन राइट्स वाचले सन् २००९ मा हसिना सत्तामा आएयता सुरक्षा फौजले '६०० भन्दा बढी बलपूर्वक बेपत्ता पारिएका' घटना रेकर्ड गरेको र करिब १०० जना कहाँ छन् अहिले पनि कुनै जानकारी छैन । पक्राउ पर्नेमा हसीनाका प्रतिद्वन्द्वी बङ्गलादेश नेसनलिस्ट पार्टी र देशको सबैभन्दा ठूलो इस्लामिक पार्टी जमात-ए-इस्लामीका रहेका छन् । हसिनाको सरकारले लगातार आरोपको खण्डन गर्दै बेपत्ता भएकामध्ये केही युरोप पुग्ने क्रममा भूमध्यसागरमा डुबेको दाबी गरेको छ । हप्तौंदेखि जारी विद्यार्थी आन्दोलनले १५ वर्ष लामो शासनको अन्त्य गर्दै राजीनामा दिन बाध्य पारेपछि पूर्वप्रधानमन्त्री हसिना अगस्ट ५ मा हेलिकप्टरबाट भारत गई शरण लिइरहनुभएको छ ।

उच्च अदालतका अवकाशप्राप्त न्यायाधीश मोइनुल इस्लाम चौधरीको अध्यक्षतामा गठित पाँच सदस्यीय समितिले बोर्डर गार्ड बङ्गलादेश ( बीजीबी) लगायत अर्धसैनिक बलका अन्य प्रहरी एकाइमाथि पनि अनुसन्धान गर्नेछ । संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयले आरएबी र बीजीबी दुवै सेनासँग 'बलपूर्वक बेपत्ता पारिएका, यातना र दुर्व्यवहारलगायत गम्भीर मानवअधिकार उल्लङ्घनका रेकर्ड' रहेको बताएको छ । नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले काम सुरु गर्न आदेश दिएको आयोगलाई प्रतिवेदन बुझाउन ४५ कार्यदिनको समय दिइएको छ।हसिनाको पालामा हिरासतमा लिइएका व्यक्तिहरूको रिहाइका लागि अभियान चलाइरहेको समूहकी संयोजक सञ्जिदा इस्लाम टुलीले आयोगको स्वागत गर्नुभएको छ ।

"सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको रिपोर्ट पूर्ण रूपमा प्रकाशित गर्नु र कुनै पनि जानकारी नलुकाइनु हो," टुलीले एएफपीसँग भन्नुभयो । जसको अर्थ आमाको आह्वान,'द कल अफ द मदर्स', हो । हराएका आफन्तको खोजी गर्नेहरूसँग मिलेर यसै महिनाको सुरुमा युनुससँग भेटेर कारबाहीको माग गरेकी टुलीले आयोगले हरेक परिवारको कुरा बिना भेदभाव सुनोस् भन्ने चाहेको बताउनुभएको थियो । उहाँले बेपत्ता भएकाहरूको फिर्ता होस् र जिम्मेवारहरुले न्याय पाऊन् भन्ने आफूहरूको चाहना रहेको बताउनुभयो। संयुक्त राष्ट्रसङ्घको अधिकार टोलीको प्रारम्भिक प्रतिवेदनअनुसार हसिनालाई पदच्युत गर्नुअघिका हप्ताहरूमा ६०० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो । उहाँ भागेको एक दिनपछि ढाकास्थित सैन्य गुप्तचर बलको भवनबाहिर परिवारका सदस्यहरू आफ्ना नातेदारहरूको पर्खाइमा भेला भएका थिए।तर औलामा गन्नसक्नेलाई मात्र रिहा गरिएको पुष्टि भएको छ ।

### गाजाको सुरुङबाट बन्धकको उद्धार

गाजा १२ भदौ (रासस/एएफपी) ।

हमासको आक्रमणको क्रममा पक्राउ परेका एक बन्धकलाई मङ्गलबार गाजास्थित एक सुरुङ्गबाट उद्धार गरिएको इजरायली सेनाले जनाएको छ ।एक अमेरिकी अधिकारीका अनुसार गाजा युद्धविराम र बन्धक मुक्तिको सम्झौता सुरक्षित गर्ने उद्देश्यले कतारमा वार्ता जारी रहेको छ तर इजरायल र हमास कसैले पनि सहभागिताको निरन्तरता पुष्टि गरेका छैनन् । इजरायली सेनाले ५२ वर्षीय काइद फरहान अल्कादीलाई दक्षिणी गाजाको एउटा सुरङबाट एक्लै रहेको अवस्थामा फेला पारी उद्धार गरेको जनाएको छ । गत अक्टोबरमा दक्षिणी इजरायलमा भएको आक्रमणको क्रममा अपहरणमा परेका २५१ जना मध्ये उहाँ एक हुनुहुन्छ । बन्धकमध्ये १०४ जना अझै पनि गाजामा बन्दी छन् भने ३४ जनाको मृत्यु भइसकेको सेनाले जनाएको छ ।

युद्धका कारण गाजा ध्वस्त भएको छ, यहाँका लगभग २४ लाख मानिसहरूमा मानवीय सङ्कट छाएको छ । हमासद्वारा सञ्चालित नागरिक सुरक्षा एजेन्सीले गाजा सहर र मध्य र दक्षिणी गाजाका दुई शरणार्थी शिविरहरूमा छुट्टै इजरायली आक्रमणमा कम्तीमा १५ जनाको मृत्यु भएको जनाएको छ । अल्कादीलाई इजरायलको सोरोका मेडिकलमा लगि उपचार गराउँदा अस्पताल निर्देशक श्लोमी कोदेशले उहाँको अवस्था सामान्य रहेको जानकारी दिनुभएको छ । यद्यपि, लामो समयसम्म सुरुङमा रहेका व्यक्तिहरू स्वास्थ्य समस्याको जोखिममा हुनसक्ने आँकलनसहित अल्काडीलाई 'निरन्तर मूल्याङ्कन' का लागि राखिएको कोदेशले बताउनुभयो । सेनाका अनुसार उहाँ दक्षिणी इजरायलका बेदुइन अरब सहर राहतका बासिन्दा अल्कादी अक्टोबरमा आतङ्कारीले आक्रमण गरेको क्षेत्रको गोदाममा गार्डको रूपमा काम गरिरहनु भएको थियो ।इजरायली अभियान समूह, होस्टेज एण्ड मिसिङ फेमिलीज फोरमले उहाँको रिहाइको स्वागत गरेको छ भने अन्य बन्दीको फिर्ता सुनिश्चित गर्न 'वार्ताको सम्झौता एक मात्र तरिका भन्ने कुरामा जोड दिएको छ ।

बन्धकहरूको उद्धार असहज भएको अवस्थामा सेनाले स्थल कारबाही अभियान सुरु गरेदेखि इजरायली सेनाद्वारा जीवित मुक्त गरिएका अल्कादी आठौं व्यक्ति हुनुहुन्छ। नोभेम्बरमा एक हप्ता लामो युद्धविरामको क्रममा इजरायलमा प्यालेस्टिनी कैदीहरूको बदलामा स्कोरहरू जारी गरिएको थियो जुन अहिलेसम्मको युद्धको एक मात्र उदाहरण हो । अल्काडीसँग कुरा गरेपछि नेतान्याहुको कार्यालयले जारी गरेको भिडियोमा, कट्टर नेताले बन्दीहरूको रिहाइ सुरक्षित गर्न सैन्य उपस्थिति र हमासमाथि निरन्तर सैन्य दबाब आवश्यक रहेको बताउनु भयो । वार्ताको मुख्य बिन्दु हमासलाई पुनःशस्त्रीकरण गर्नबाट रोकी गाजा-इजिप्ट सीमा पट्टीको नियन्त्रण राख्न इजरायलको अडान रहेको छ, जसलाई हमासले अस्वीकार गरेको छ । इजिप्टसँग सम्बन्धित अल-काहेरा न्यूजले कतार र अमेरिकासँग वार्ताको मध्यस्थता गरिरहेको इजिप्टले सीमामा तथाकथित फिलाडेल्फी कोरिडोरमा इजरायली उपस्थिति स्वीकार नगर्ने जनाएको छ ।यसैबीच, अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले मध्यस्थता प्रयासमा 'प्रगति' भएको रिपोर्ट गर्दै आगामी दिनमा थप वार्ता हुने अपेक्षा गरिएको बताउनुभयो ।

# विपद् व्यवस्थापन योजना निर्माण सम्बन्धी तालिम



**दैनिक समाचारदाता**
**राजविराज, १२ भदौं ।**

विपद् व्यवस्थापन समितिको लागि विपद् व्यवस्थापन योजना निर्माण सम्बन्धी दुई दिने तालिम राजविराजमा सुरु भएको छ ।

ए.ई.आई.एन लक्जेम्वर्गको आर्थिक साझेदारी तथा तिलाठी कोइलाडी गाउँपालिकाको समन्वयमा ग्रामीणमुखी युवा अभियान नेपालले आयोजना गरेको सो तालिममा बाढी प्रभावित क्षेत्रको विपद् व्यवस्थापन कसरी गर्ने, यसबाट बच्ने उपाय बारे तालिम दिइने छ ।

गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलको अध्यक्षतामा सुरु भएको उक्त विपद् व्यवस्थापन योजना निर्माण सम्बन्धी दुई दिने तालिम बिहिवार सम्पन्न हुनेछ ।

तालिममा बाढी विपद् व्यवस्थापन गर्न योजना तयारी प्रक्रिया तर्जुमा बिधि, जलवायु परिवर्तन र जोखिम न्युनिकरण, पूर्वसुचना प्रणाली, योजनामा रहने प्रमुख बिषय वस्तुहरु बारे छलफल गरिएको छ ।

तालिममा विपद् व्यवस्थापन सम्बन्धीत बिज्ञ बिमल घिमेरे, शमी कवँरले प्रशिक्षण दिइरहेको रोयम नेपालका जिल्ला संयोजक ओमप्रकाश चौधरीले जानकारी दिए ।

तालिममा तिलाठी कोइलाडी गाउँपालिका भरीका पालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, बिभिन्न शाखाका बिषयगत प्रमुख, कार्यपालिका सदस्यहरु, वडा अध्यक्ष, वडा सदस्य तथा राजनैतिक दलका प्रतिनिधिहरुको सहभागिता रहेको रोयम नेपालका लेखा तथा प्रशासन अधिकृत रुपेश मण्डले बताए ।

# निजामती कर्मचारीको जापानमा उच्चशिक्षा अध्ययनसम्बन्धी सम्झौतामा हस्ताक्षर

काठमाडौँ, १२ भदौ (रासस) ।

जापानले नेपालको निजामती सेवाका कर्मचारीलाई त्यहाँका विश्वविद्यालयमा उच्चशिक्षा अध्ययन गर्न करिब जापानी येन ४५ करोड ४० लाख (अनुमानित नेरु रु ४२ करोड २३ लाख) छात्रवृत्ति सहयोग गर्ने भएको छ ।

अर्थ मन्त्रालयमा बुधबार सोसम्बन्धी सम्झौतापत्रमा अर्थसचिव डा रामप्रसाद घिमिरे र नेपालका लागि जापानी राजदूत किकुता युताकाले सहयोगसम्बन्धी नोट आदानप्रदान गर्नुभयो । सो अवसरमा अर्थमन्त्रालयका सहसचिव एवं अन्तर्राष्ट्रिय आर्थिक समन्वय महाशाखाका प्रमुख धनीराम शर्मा र जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) नेपालका प्रमुख प्रतिनिधि मात्सुजाकी मिजुकीले अनुदान सहायतासम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नुभयो ।

सम्झौतासँगै नेपालका युवा निजामती सेवाका कर्मचारीलाई जापानको विश्वविद्यालयमा दुईवर्षे स्नातकोत्तर र तीनवर्षे विद्यावारिधि अध्ययन गर्नका निम्ति छात्रवृत्ति सहयोग प्राप्त हुनेछ । 'मेरिट'का आधारमा निजामती सेवाका कर्मचारीमध्येबाट इच्छुक कर्मचारी अध्ययनका लागि जापान जानेछन् । यस वर्ष २० जना स्नातकोत्तर र दुईजना विद्यावारिधि गरी २२ कर्मचारीलाई छात्रवृत्ति प्रदान गरिने सो अवसरमा जानकारी दिइयो ।

जापान सरकारको सहयोगमा त्यहाँका मानव संसाधन विकास छात्रवृत्ति कार्यक्रम (जेडिएस)अनुसार सन् २०१६ देखि नेपालले यो अवसर पाइरहेको छ । हालसम्म एक सय ८७ निजामती सेवाका अधिकारीले छात्रवृत्ति प्राप्त गरिसक्नुभएको छ ।

सो अवसरमा अर्थ सचिव घिमिरेले छात्रवृत्ति कार्यक्रमले नेपालको निजामती सेवाका कर्मचारीको क्षमता अभिवृद्धि हुने र यसबाट सिङ्गो मुलुक लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो । नेपालका लागि जापानी राजदूत किकुताले नेपालका निजामती सेवाका कर्मचारीलाई दक्ष बनाउन छात्रवृत्ति कार्यक्रमले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा अर्थ मन्त्रालय र जाइका नेपालका उच्च अधिकारी सहभागी हुनुहुन्थ्यो ।

# मुसहर बालबालिकालाई विद्यालय पठाउन मुख्यमन्त्री सिंहको आग्रह

गोदार (धनुषा), १२ भदौ (रासस) ।

मधेस प्रदेश सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहले मङ्गलबार साँझ धनुषाको विदेह नगरपालिकास्थित वैदेही स्कुल टोलको मुसहर बस्ती पुगी बालबालिकालाई विद्यालय पठाउन आग्रह गर्नुभएको छ ।

प्रत्येक महिना दलित बस्ती अवलोकन गरी त्यहाँको विकास निर्माण, शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जनलगायत समस्याबारे स्थानीयसँग छलफल गर्ने कार्यतालिकाअनुसार मुख्यमन्त्री सिंह मङ्गलबार वैदेही स्कुल टोलको मुसहर बस्ती पुग्नुभएको थियो ।

उहाँले मुसहर बस्तीका महिला, बालबालिका, युवा तथा वृद्धसँग त्यहाँका समस्याबारे जानकारी लिनुभएको थियो । सो अवसरमा उहाँ बस्तीका घरघरमा पुगेर बालबच्चाको पढाइ, स्वास्थ्योपचार, सरसफाइ, आयआर्जनलगायतका विषयमा जानकारी लिनुभएको थियो ।

मुख्यमन्त्री सिंहले सङ्घीयताका कारण स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व सम्भव भएको उल्लेख गर्दै वर्तमान व्यवस्थालाई संस्थागत गर्ने जिम्मेवारी सबै समुदायको भएको बताउनुभयो ।

बनिबुतो गरेर जीविकोपार्जन गर्ने मुसहर समुदायका अधिकांश पुरुष रोजगारका लागि भारत जाने गर्छन् भने अधिकांश महिला कृषिसम्बद्ध श्रममा आबद्ध छन् ।

आयआर्जनका दृष्टिले लत्ताकपडा र छाक टार्न समस्या नरहे पनि यस समुदायका पुरुषमा जाँडरक्सीको लत रहेको महिलाहरुले मुख्यमन्त्री सिंहसँग गुनासो गरेका थिए । मुख्यमन्त्री सिंहले समस्या समाधानका लागि समुदाय स्तरबाटै पहल हुनुपर्नेमा जोड दिनुभएको थियो ।

उहाँले मुसहर बस्तीका बच्चाको शिक्षामा पहुँच सुनिश्चित गर्न राज्य र समुदाय दुवै स्तरबाट पहल गर्ने बताउनुभयो । उहाँले छोरा र छोरी दुवैको शिक्षामा ध्यान दिन आग्रह समेत गर्नुभएको थियो ।

"बालकालिकालाई घाँसदाउरा र मेलापात गराउने, बस्तुभाउका हेरालु बनाउने र अन्य घरका कामकाज गराउनेतिर नलाग्नुस्, विद्यालय पठाउनुस्", उहाँले भन्नुभयो, "शिक्षामा लगानी भयो भने समुदायको मुहार फेरिन्छ ।"

# तराईमा पनि कोदोको उत्पादन गर्न परीक्षण

नेपालगञ्ज, १२ भदौ (रासस) ।

बाँकेको चिसापानीस्थित गाभर उपत्यकामा नौ प्रकारका कोदोको उत्पादन गर्न परीक्षण सुरु गरिएको छ ।

राष्ट्रिय जिन बैङ्कको सहकार्यमा तराईमा हुने कोदोको परीक्षण सुरु भएको सामुदायिक जिन बैङ्क कोहलपुरका संयोजक परमुल बस्नेतले जानकारी दिनुभयो । "करिब दुई कट्ठा क्षेत्रफलमा अलग-अलग प्लट बनाएर नौ जातका कोदोको परीक्षण गर्न कोदो रोपिएको छ", संयोजक बस्नतेले भन्नुभयो ।

गएको साउन १६ गते कोदोको बीउ राखेर केही दिनअघि मात्रै कोदो रोपिएको हो । नौ जातका कोदो रोपिएको र सोमध्ये सबैभन्दा राम्रो कोदो किसानलाई रोप्न प्रेरित गरिने उल्लेख गर्दै उहाँले पूर्वी तराईका जिल्लामा सफल भएका स्थानीय जातको परीक्षण सुरु भएको बताउनुभयो ।

राष्ट्रिय जिन बैङ्का प्राविधिक अधिकृत प्रदीप थापाले रैथाने बालीको संरक्षणका लागि सुक्खा ठाउँमा समेत कोदो जस्तो रैथाने बाली लगाउन मिल्ने गरी यसको परीक्षण भएको उल्लेख गर्नुभयो । परीक्षण गरिएका नौमध्ये पाँच जिन बैङ्कले परीक्षणमार्फत उत्कृष्ट देखिएका, दुईवटा नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले विकास गरेका र अन्य दुई किसानका जात रहेका छन् ।

अहिले लगाएको कोदोको प्रतिफल मङ्सिरसम्म आउने बताइएको छ । विसं २०७८ मा चिसापानीको गाभरमा सरकारले पहिलो सामुदायिक जिन बैङ्क स्थापना गरेको थियो । गाभरमा कोदो उत्पादनको प्रशस्त सम्भावना रहेको घरबास सञ्चालक सङ्घका महासचिव कृष्ण चौधरीले बताउनुभयो । उहाँले हालसम्म नार्कले तराईमा समेत लगाउन सक्ने कोदोको जातको विकास गरेको बताउनुभयो ।


## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**



## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

**अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*